नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

# समृद्धिका लागि वन परियोजना

## समृद्धिका लागि वन कार्यक्रम

### वृक्षरोपण अनुदान निर्देशिका

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

रेड कार्यान्वयन केन्द्र

बबरमहल, नेपाल

फाल्गुण, २०७८

# विषय सूची


१. परिचय ........ 1

२. उद्देश्यहरु........ 1

३. परिभाषाहरु ........ 2

४. कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान भुक्तानीको लागि प्राविधिक सहयोगसम्बन्धी प्रावधानहरु ........ 2

५. निजी र सार्वजनिक जग्गामा वृक्षरोपणका लागि कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान भुक्तानीसम्बन्धी प्रावधानहरु ........ 6

५.१ इच्छुक जग्गाधनीहरुको पहिचान ........ 6

५.२ सम्भावित सार्वजनिक व्यवस्थापन समूहहरुको पहिचान ........ 7

५.३ वृक्षरोपण सम्बन्धी योजना तर्जुमा तथा बजेट निर्माण ........ 8

५.४ कार्यान्वयन, अनुगमन तथा कार्यसम्पादन मूल्याङ्कन ........ 9

६. वृक्षरोपणसम्बन्धी अभिलेखको व्यवस्थापन तथा प्रतिवेदन ........ 10

७. विविध ........ 11

(क) निजी वनका लागि सिफारीस गरिएका प्रजातिहरु (स्रोत : निजी वन विकाससम्बन्धी निर्देशनहरु, २०६८) ........ 14

(ख) सार्वजनिक जग्गामा स्थापना गरिने वनका लागि सिफारिस गरिएका प्रजातिहरु (निजी वनमा जस्तै) ........ 15


## तालिकाको सूची


तालिका **1** : वृक्षरोपण स्थापना तथा व्यवस्थापन योजना ........ 4

तालिका **2** : कार्यसम्पादनको औचित्य एवं कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदानका किस्ताहरु ........ 10


## चित्रको सूची


चित्र 1 : लुम्बिनी प्रदेश र मधेश प्रदेशस्थित सहभागी पालिकाहरु ........ 17


## अनुसूचीहरु


अनुसूची **1** : कार्यसम्पादनमा आधारित कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान भुŒानीसम्बन्धी सम्फौता ........ 12

अनुसूची **2** : वृक्षरोपणका लागि सिफारिस गरिएका रुख प्रजातिहरु ........ 14

अनुसूची **3** : कार्यक्रम/परियोजनामा सहभागी पालिकाहरु ........ 16

अनुसूची **4** : प्रमुख सरोकारवालाहरु तथा जिम्मेवारीहरु ........ 18


नेपाल सरकार वन तथा वातावरण मन्त्रालय रेड कार्यान्वयन केन्द्र बबरमहल, काठमाडौं, नेपाल

## परिवर्णी शब्दहरु (Acronyms)

| | |
|---|---|
| CFUG | Community Forest User Group (सामुदायिक वन उपभोक्ता समूह) |
| COFUG | Collaborative Forest User Group (साझेदारी वन उपभोक्ता समूह) |
| ESMF | Environmental and Social Management Framework (वातावरणीय तथा सामाजिक व्यवस्थापन खाका) |
| ESS | Environmental and Social Securities (वातावरणीय तथा सामाजिक सुरक्षा) |
| FFPP | Forests for Prosperity Project (समृद्धिका लागि वन परियोजना) |
| LHFUG | Leasehold Forest User Group (कबुलियति वन उपभोक्ता समूह) |
| LRC | Land Registration Certificate (जग्गा दर्ता प्रमाणपत्र) |
| PEM | Plantation Establishment and Management (वृक्षरोपण स्थापना तथा व्यवस्थापन) |
| PLMG | Public Land Management Group (सार्वजनिक जग्गा व्यवस्थापन समूह) |
| PPG | Performance-based Plantation Grant (कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान) |
| REDD | Reducing Emission from Deforestation and Forest Degradation (वन विनास तथा वनको क्षयीकरणबाट हुने उर्त्सजन न्यूनीकरण गर्ने) |
| SFM | Sustainable Forest Management (दिगो वन व्यवस्थापन) |

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
रेड कार्यान्वयन केन्द्र
बबरमहल, काठमाडौं, नेपाल

## १. परिचय

नेपाल सरकारले देशको वन क्षेत्रलाई राष्ट्रिय सोंच "समृद्ध नेपाल, सुखि नेपाली" मा योगदान गर्ने आर्थिक क्षेत्रहरुमध्ये एक मानेको छ । स्थानीय समुदाय र 'पारिस्थितिकीय प्रणाली प्रतिरोधि' (ecosystem resilient) अवस्थाको निर्माण मार्फत स्थानीय समुदायहरुको कल्याण, राष्ट्रको समृद्धि र वन विनास तथा वनको क्षयीकरणबाट हुने उत्सर्जन न्यूनीकरण गर्ने कार्यका लागि हाल वन क्षेत्रमा विभिन्न  कार्यक्रमहरु कार्यान्वियन भईरहेका छन् । रुपान्तरणकारी कार्यक्रमहरु मध्ये एक मानिने "समृद्धिका लागि वन परियोजना" (Forests for Prosperity Project: FFPP) हाल मधेश र लुम्बिनी प्रदेशमा कार्यान्वयन भइरहेको छ । यस कार्यक्रमको उद्देश्यहरुमा सहभागी पालिकाहरुमा दिगो वन व्यवस्थापन कार्यान्वयन गर्ने, वनबाट प्राप्त हुने लाभहरु वृद्धि गर्ने र खुद हरितगृह ग्यास उत्सर्जन न्यूनीकरण गर्ने हो । सहभागी पालिकाहरुमा निजी र सार्वजनिक जग्गामा वृक्षरोपण एवं विस्तार गर्नका साथै प्राकृतिक वन व्यवस्थापनका अभ्यासहरुलाई सुधार गर्नका लागि समृद्धिका लागि वन परियोजना (यसपछि कार्यक्रम भनिने) ले प्राविधिक सहयोगका साथै कार्य सम्पादनमा आधारित वृक्षरोपण अनुदान (Performance-based Plantation Grant: PPG) मार्फत आवश्यक स्रोत र सामग्रीहरुको प्रवन्ध मिलाउने व्यवस्था गरेको छ ।

कार्यसम्पादनमा आधारित वृक्षरोपणको सुरुवात, स्थापना र विस्तारमार्फत निजी र सार्वजनिक जग्गामा रहेका वनहरुको व्यवस्थापनमा यस निर्देशिका केन्द्रित रहनेछ । वृक्षरोपण मार्फत स्थापित गरिएका वनहरु त्यहाँ रहेका रुख प्रजाति, अवस्थिति, र आकारका साथै तिनका सदुपयोगको हकमा व्यापक रुपमा फरक हुने गर्दछ । नेपालका धेरैजसो वृक्षरोपणहरु घरायसी प्रयोजनका लागि डालेघाँस, फल, छहारी वा दाउरा आपुर्ति गर्न वा बजारको लागि काठ आपुर्ति गर्न स्थापना गरिएका हुन्छन् । कार्यक्रम लागु भएका क्षेत्रमा कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान भुक्तानी कार्यक्रममा सहभागी हुनका लागि बुझ्न, अझ होशियारीपूर्वक योजना तर्जुमा गर्न, र जिम्मेवारीपूर्वक व्यवस्थापन गर्नको निमित्त निजी जग्गाधनीहरुका साथै 'सार्वजनिक जग्गा व्यवस्थापन समूह' (Public Land Management Group: PLMG) हरुका लागि यस निर्देशिका आवश्यक रहेको छ । यस पहल अन्तर्गत निजी जग्गाधनीहरु र सार्वजनिक जग्गा व्यवस्थापन समूहहरुलाई वृक्षरोपण स्थापना एवं व्यवस्थापन गर्नका लागि कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान भुक्तानी र प्राविधिक सहयोग उपलब्ध गर्न सहभागी पालिकाहरुले संघीय सरकारबाट सशर्त अनुदान प्राप्त गर्नेछन् ।

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयले मधेश प्रदेश र लुम्बिनी प्रदेशबाट यस कार्यक्रममा सहभागी हुने ५० वटा पालिकाहरुमा रहेका सहभागी जग्गाधनी, कृषक-समूह, सहकारी संस्थाहरु र सार्वजनिक जग्गा व्यवस्थापन समूहहरुलाई वृक्षरोपण हुर्काउन तथा व्यवस्थापन गर्नका साथै कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान भुक्तानी कार्यक्रममा सहभागी हुनका लागि सहयोग गर्न यस कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान निर्देशिका जारी गरेको छ ।

## २. उद्देश्यहरु

यस निर्देशिकाको समग्र उद्देश्य जग्गाधनी र सार्वजनिक जग्गा व्यवस्थापन समूहहरुलाई कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान भुक्तानी छिटो उपलब्ध गराउनमा सहयोग गर्नु  हो । यसका विशिष्ट उद्देश्यहरु निम्न अनुसारका छन् :

- इच्छुक जग्गाधनी, कृषक-समूह, सहकारी संस्थाहरु र सार्वजनिक जग्गा व्यवस्थापन समूहहरुलाई निजी र सार्वजनिक जग्गामा वृक्षरोपण स्थापना गर्न, संरक्षण गर्न र व्यवस्थापन गर्नमा सहयोग गर्ने; र
- दर्ता गरिएका "निजी वन" धनीहरु, "सार्वजनिक जग्गा व्यवस्थापन" समूहहरु र सहभागी पालिकाहरुलाई योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, कार्यसम्पादन मूल्याङ्कन (performance assessment) र कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान भुक्तानीका लागि चरणवद्ध रुपमा दिशानिर्देश गर्ने ।

वन तथा वातावरण मन्त्रालय, नेपाल सरकार, रेड कार्यान्वयन केन्द्र, बबरमहल, काठमाडौं, नेपाल

### ३. परिभाषाहरु

यस निर्देशिकामा विषय वा प्रसङ्गले अन्य अर्थ नलागेसम्म-

(क) "लाभग्राहीहरु" भन्नाले कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान भुक्तानी कार्यक्रममा सहभागी हुने निजी जग्गाधनीहरु (व्यक्ति विशेष कृषकहरु, कृषक-समूहहरु र सहकारी संस्थाहरु) र सार्वजनिक जग्गा व्यवस्थापन समूहहरुलाई जनाउंदछ ।

(ख) "जग्गाधनी" भन्नाले 'जग्गाधनी दर्ता प्रमाणपूर्जा' (Land Registration Certificate: LRC) भएका कुनैपनि व्यक्तिविशेष कृषकलाई जनाउंदछ र यसमा दर्ता गरिएका कृषक-समूह, र सहकारी संस्था वा सार्वजनिक संगठनहरु समावेश छन् ।

(ग) यस निर्देशिकाको प्रयोजनका लागि "वृक्षरोपण" भन्नाले कुनै व्यक्तिगत कृषकको लागि एउटा खण्ड (block) मा वा सँगै खेत बारीको डिल वा आलीमा (bond) कम्तिमा ४०० वटा रुखहरु र घरायसी वा व्यवसायिक प्रयोजनको लागि समूहगत वृक्षरोपणको निमित्त कम्तिमा ६,४०० वटा रुखहरु रोपण गर्ने र हुर्काउने भन्ने जनाउँदछ ।

(घ) "निजी वन" भन्नाले विद्यमान कानून बमोजिम कुनैपनि व्यक्ति वा समूहको स्वामित्वमा रहेको कुनैपनि निजी जग्गामा रोपण गरी हुर्काइएको वा संरक्षण गरिएको वन भन्ने जनाउंदछ ।

(ङ) "सार्वजनिक जग्गा" भन्नाले स्थानीय पालिकाको क्षेत्राधिकारभित्र पर्ने दर्ता गरिएको वा नगरिएको सार्वजनिक जग्गा भन्ने जनाउंदछ ।

(च) "पालिका" भन्नाले गाउँपालिका वा नगरपालिका वा उप-महानगरपालिका वा महानगरपालिका भन्ने जनाउँदछ ।

(छ) "सार्वजनिक जग्गा व्यवस्थापन समूह" भन्नाले वन ऐन (२०७६) को खण्ड ३७ (१) बमोजिम सार्वजनिक जग्गामा वृक्षरोपण वा कृषिवनका लागि योजना तर्जुमा, व्यवस्थापन र सदुपयोग गर्न सम्बन्धित पालिकामा कानूनी रुपमा दर्ता भएका सँगठित स्थानीय जनताहरुको समूह भन्ने जनाउंदछ ।

(ज) वातावरणीय तथा सामाजिक व्यवस्थापनको (Environmental and Social Management Framework) खाका भन्नाले समृद्धिका लागि वन परियोजनाका क्रियाकलापहरुबाट उत्पन्न हुन सक्ने वातावरणीय तथा सामाजिक जोखिमहरु सम्बोधन गर्नका लागि तयार गरिएको 'वातावरणीय तथा सामाजिक व्यवस्थापनको खाका' भन्ने जनाउँदछ ।

### ४. कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान भुक्तानीको लागि प्राविधिक सहयोग सम्बन्धी प्रावधानहरु

समृद्धिका लागि वन परियोजनाले निम्न कार्यहरुका लागि इच्छुक जग्गाधनीहरु (व्यक्ति विशेष कृषक, कृषक-समूह र सहकारी संस्थाहरु) र सार्वजनिक जग्गा व्यवस्थापन समूहहरुलाई सहभागी पालिकाहरु र डिभिजन वन कार्यालयमार्फत प्राविधिक तथा वित्तीय सहयोग उपलब्ध गर्नेछ :

४.१ निजी र सार्वजनिक जग्गामा वृक्षरोपण वा कृषिवन स्थापना गर्नका लागि सचेतना-जागरण, सहजीकरण, र सीप विकासको लागि निम्न कृयाकलाप मार्फत सहयोग गरिनेछ-

- सूचनामा पहुँच (access to information) : निजी र सार्वजनिक जग्गा/जग्गामा वनसम्बन्धी नियामक मार्गदर्शनहरु (regulatory guidelines), र मानकहरु (standards) पूर्ति गर्न वातावरणीय तथा सामाजिक व्यवस्थापन खाका लगायत सामाजिक-आर्थिक, वातावरणीय र नियामक पक्षहरुसँग सम्बन्धित विषयहरुमा स्थानीय सञ्चारका साधन, पुस्तिका, सचेतना-जागरण (awareness-raising) र प्रशिक्षण (coaching) सम्बन्धी कार्यक्रमहरु (events)।
- सहजकारी सहयोगमा पहुँच (access to facilitative support) : निजी र सार्वजनिक जग्गामा वृक्षरोपणका लागि सम्भावित जग्गाधनी, कृषक-समूह, सहकारी संस्था र सार्वजनिक जग्गा व्यवस्थापन समूहहरुको पहिचान;

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय रेड कार्यान्वयन केन्द्र बबरमहल, काठमाडौं नेपाल

निजी र सार्वजनिक जग्गामा रहेका वन दर्ताका लागि आवश्यक दस्तावेजहरुका साथै कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान भुक्तानीसम्बन्धी प्रस्तावहरुको तयारी ।

- सीप तथा उपयुक्त प्रविधिमा पहुँच (access to skill and appropriate technology) : लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई विशेष ध्यान एवं प्राथमिकतासहितको उपयुक्त सीप विकास (skill enhancement) सम्बन्धी कार्यक्रमहरुको डिजाइन तथा कार्यान्वयन ।

४.२ थप सहयोग (extended support) :

- समूह गठन, सूचना संग्रह एवं विश्लेषण, आवश्यक विधान (constitution) तथा समुदायसम्बन्धी नियमहरुको तयारीसहित कृषक-समूह र सहकारी संस्थाहरुमार्फत सम्बन्धित कार्यालयमा निजी वनहरुको दर्ता र यससँग सम्बन्धित कार्यहरु ।
- उपभोक्ताहरुको पहिचान, सम्झौता, सार्वजनिक जग्गा व्यवस्थापन समूहहरुको समूह गठन र महिला, आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम र भूमीहीन गरीवहरुलाई विशेष ध्यान एवं प्राथमिकतासहित सहभागी घरधुरीहरुबीच तथा घरधुरी र पालिकाहरुबीच लागत तथा लाभ बाँडफाँट योजना समावेश भएको विधानको तयारी ।

४.३ (क) व्यक्तिगत वा समूह वा सहकारी संस्थाहरु र (ख) डिभिजन वन कार्यालय वा सम्बन्धित पालिकाबाट गुणस्तरीय वीउ एवं विरुवाहरुका लागि आवश्यक सामग्री तथा स्रोतहरु सुनिश्चित गर्दै नर्सरीहरु स्थापना तथा व्यवस्थापन गर्ने ।

४.४ क्रियाकलाप अनुसार अनुमानित लागतहरु, कार्यान्वयनको पात्रो (calendar) र तल तालिका १ मा प्रस्तुत गरिएजस्तै क्रियाकलापहरु (तर सिमित नभइकन ) का लागि अर्को पाँच वर्षको लागि जग्गाधनी र पालिकाबीच प्रस्तावित लागत बाँडफाँट सहितको कम्तिमा एउटा सरल पञ्चवर्षीय 'वृक्षरोपण स्थापना तथा व्यवस्थापन' (Plantation Establishment and Management: PEM) योजनाको विकास, जुन वातावरणीय तथा सामाजिक व्यवस्थापन खाकाका आवश्यकताहरु अनुरुप भएको एकिन गरी , एवं वनक्षेत्रभित्र वा दर्ता नभएका तर खेति गरिएका जग्गामा कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान भुक्तानीको प्रावधान नभएको साथै कुनैपनि मिचाहा प्रजातिहरु (invasive species) प्रयोग नगरिएको सुनिश्चित गर्नुपर्दछ ।

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय ... कार्यान्वयन केन्द्र बबरमहल, काठमाडौं नेपाल

## तालिका १ : वृक्षरोपण स्थापना तथा व्यवस्थापन योजना

| वृक्षरोपण स्थापना तथा व्यवस्थापन योजना<br>आ. व. २०..../.... देखि २०.... सम्म<br>ठेगाना : .............................. | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| स्रोत नर्सरी : ..............................(नर्सरीको नाम तथा ठेगाना)<br>नियोजित प्रजातिहरु : ..............................(छनौट गरिएका प्रजातिहरु) | | | | | GPS* को अवस्थिति : अक्षाँस : ..........................<br>देशान्तर : ..........................<br>कित्ता नापी अनुसार कित्ता नं. : .................... | | |
| क्रियाकलापहरु | एकाइ | एकाइ मूल्य | समय तालिका | | अनुमानित लागत (ने.रु.) | | |
| | | | वर्ष | महिना | जग्गाधनी | पालिका | जम्मा |
| विरुवा खरिद | संख्या | | | | | | |
| जग्गाको तयारी (स्थल सफाई, खाल्डो खन्ने, मल हाल्ने) | हेक्टर | | | | | | |
| तारवार लगाउने/हेरालु राख्ने (आवश्यक परेमा) | मीटर । जना | | | | | | |
| विरुवाको ढुवानी | संख्या | | | | | | |
| रोपण | संख्या | | | | | | |
| प्रतिस्थापन रोपण (replacement planting) / पुनरोपण | संख्या | | | | | | |
| पानी हाल्ने, गोडमेल उखल्ने (watering and weeding) | पटक | | | | | | |
| पत्ल्याउने (thinning) | पटक | | | | | | |
| अन्य (पंक्ति थप्नुहोस्) | | | | | | | |

*GPS : Geographical Positioning System (भू अवस्थिति प्रणाली)

प्रस्तावको लागि द्रष्टव्य : यो सूचित गरिन्छ कि कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान भुक्तानी उपलब्ध हुनपूर्व निम्न मापदण्ड अनुसार प्रस्तावित क्रियाकलापहरुको कार्यसम्पादन मूल्याङ्कन गरिने छ :

(क) समय तालिका ोअनुसार नियोजित कार्यहरुको कार्यान्वयन (व्यक्तिहरुका लागि ९०% र समूह तथा सहकारी संस्थाहरुका लागि ८०%);

(ख) स्थापित वृक्षरोपणको वृद्धि प्रदर्शन (growth performance, १0%) र

(ग) नियमित बैठकहरु र समूह, सहकारी संस्था र सार्वजनिक जग्गा व्यवस्थापन समूहहरुका लागि समावेशीता (inclusivity) सहित पारदर्शिता र जवाफदेहिता (transparency and accountability) को अनुरक्षण (maintenance) (समूह तथा सहकारी संस्थाहरुका लागि ८०%) ।

४.५ कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान प्रस्तावको तयारी तथा आवश्यक स्वीकृती एवं कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान भुक्तानीसम्बन्धी योजना तर्जुमामा संलग्न गराउनका लागि एउटा अनुरोध पत्र (cover-letter) सहित सम्बन्धित वडा कार्यालयमा पेश गर्नुपर्नेछ । उक्त प्रस्तावमा निम्न बमोजिमका कागजातहरु संलग्न हुनुपर्दछ :

(क) व्यक्तिगत जग्गाधनीहरुको लागि जग्गाधनी दर्ता प्रमाणपत्र;

(ख) कृषक-समूह र सहकारी संस्था, र सार्वजनिक जग्गा व्यवस्थापन समूहहरुका लागि दर्ता प्रमाण-पत्र (Registration Certificate);

(ग) माथि जस्तै वृक्षरोपण स्थापना तथा व्यवस्थापन योजनाको निमित्त सार्वजनिक विद्यालय, स्वास्थ्य-चौकी, र अन्य सार्वजनिक संस्थाहरुका लागि व्यवस्थापन समितिको निर्णयको एक प्रति थप;

(घ) कवुलियति निजी जग्गाको लागि कवुलियतनामा (Lease Agreement) को एक प्रति थप; र

(ङ) यस निर्देशिकाको नियम तथा शर्तहरुसँग सहमति जनाउने एक वटा प्रतिवद्धता-पत्र (Commitment Letter) ।

४.६ वृक्षरोपण स्थापना तथा व्यवस्थापन योजना कार्यान्वयनको लागि आवश्यक स्रोतहरुसहित प्राविधिक सहयोग सुनिश्चितता ।

४.७ वृक्षरोपण रजिष्टरको नियमित हिफाजत, कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान भुक्तानीको किस्ता दावी गर्नको लागि र गुनासो सम्बोधन गर्नको लागि आवश्यक दस्तावेजहरुको तयारी ।

४.८ सेवा प्रदायकहरु खरिद एवं लागत अनुमान गर्दा सार्वजनिक खरिद ऐन (२०६३), सार्वजनिक खरिद नियमावली (२०६४) र नेपाल सरकारको प्रचलित मापदण्डहरु (Standard Norms) पालना भएको सुनिश्चितता गर्ने ।

४.९ लुम्बिनी प्रदेश र मधेश प्रदेशस्थित डिभिजन वन कार्यालयहरुलाई तिनीहरुलाई तोकिएका जग्गाका एवं जिम्मेवारीहरु (roles and responsibilities) पूरा गर्नमा सहयोग गर्ने विषय समावेस ।

## ५. निजी र सार्वजनिक जग्गामा वृक्षरोपणका लागि कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान भुक्तानी सम्बन्धी प्रावधानहरु

निजी जग्गाधनी र सार्वजनिक जग्गा व्यवस्थापन समूहहरुले तिनीहरुका "निजी वन" र "सार्वजनिक जग्गामा रहेका वन" हरुको कार्यसम्पादनको आधारमा सम्बन्धित पालिकाहरुबाट कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान भुक्तानी प्राप्त गर्नेछन् ।

### ५.१ इच्छुक जग्गाधनीहरुको पहिचान

हरेक वर्ष, पालिका अन्तर्गतका वडा कार्यालयहरुले वृक्षरोपणमा सहभागी हुनका लागि इच्छुक जग्गाधनीहरुको पहिचान गर्न सार्वजनिक रुपमा पालिका वा वडाले सूचना आह्वान (public call) गर्नुपर्नेछ । यस्तो सूचना पालिकाको वेभसाइटमा समेत राख्नु पर्नेछ । यसरी वडा कार्यालयहरुले इच्छुक कृषकहरु वा तिनीहरुका समूहबाट निवेदन संकलन गरी उक्त निवेदनहरु मुल्यांकन तथा सिफारीस (ranking and recommendation) सहित तिनलाई सम्बन्धित पालिकाहरुमा पेश गर्नेछन् । पालिकाहरुले निम्न कार्यहरु गर्नेछन् :

(क) प्रत्येक सहभागी पालिकाले इच्छुक जग्गाधीहरुलाई कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान भुक्तानी सम्बन्धी योजनावारे सार्वजनिक रुपमा सूचित गर्नेछ । सहभागी पालिकाहरुले महिला, आदिवासी जनजाति, मधेसी, मुस्लिम, र दलितहरुका लागि कार्यशाला र 'समूह केन्द्रिकृत छलफल' (Focus Group Discussion: FGD) हरुजस्ता सचेतना-जागरणसम्बन्धी कार्यक्रमहरु पनि आयोजना गर्नेछन् ।

(ख) जग्गाधनी दर्ता प्रमाणपूर्जावाला सबै जग्गाधनीहरुले आ-आफना जग्गामा निम्न परिमाणमा रुखहरु रोपण गर्न एवं हुर्काउनका लागि निवेदन दिन योग्य हुनेछन् :

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय रेड कार्यान्वयन केन्द्र बबरमहल, काठमाडौं, नेपाल

- व्यक्तिगत जग्गाधनीहरुका लागि ४०० वटा रुखहरु (०.२५ हेक्टर वृक्षरोपण बराबर);
- कृषक-समूह र सहकारी संस्थाहरुका लागि ६,४०० वटा रुखहरु (४.० हेक्टर वृक्षरोपण बराबर);
- खाद्य सुरक्षाको दृष्टिकोणले वृक्षरोपणसम्बन्धी योजना तर्जुमापूर्व सहभागी कृषकहरुलाई वार्षिक रुपमा खाद्य उत्पादनका लागि आवश्यक जमिन छुट्याउन सल्लाह उपलब्ध गरिनेछ;
- कृषि-जग्गाको बीचमा पर्ने गरी अलग्गै वृक्षरोपणहरु नगरिएकोवारे सुनिश्चिता भएको । नकारात्मक बाह्यता (negative externality) ले सामाजिक एकता (social cohesion) मा असर पार्न सक्ने भएकोले यस्तो नहुने सुनिश्चितता ।

(ग) इच्छुक जग्गाधनीहरुले व्यक्तिगत वा समूहका आधारमा निम्न कागजातहरुसहित सम्बन्धित वडा कार्यालयहरुमा निवेदन पेश गर्न सक्नेछन् (विशेष गरी महिला, आदिवासी जनजाति, तराईवासी, र दलितहरुलाई प्रोत्साहित गरिने छ) :

- सवभन्दा पछिल्लो पटक मालपोत (land revenue) तिरेको रसिदसहित सम्भावित वृक्षरोपण क्षेत्रको जग्गाधनी दर्ता प्रमाणपूर्जाको प्रतिलिपी;
- यस निर्देशिका अन्तर्गतको खण्ड ५ (४) बमोजिम पाँच वर्षका लागि आवश्यक वृक्षरोपण स्थापना तथा व्यवस्थापन योजना तथा बजेट;
- कवुलियति जग्गाको हकमा कवुलियति सम्झौताको एक प्रति थप;
- कृषक समूह र सहकारीहरुका लागि जग्गाधनी दर्ता प्रमाणपूर्जा र समितिको निर्णयको एक प्रति थप; र
- सार्वजनिक विद्यालय, स्वास्थ्य-चौकी र अन्य सार्वजनिक संस्थाहरुका लागि व्यवस्थापन समितिको निर्णयको एक प्रति थप ।

(घ) प्रत्येक वडा कार्यालयले प्राप्त हुन आएका निवेदनहरु संकलन एवं सँग्रह गरी सिफारीससहित आवश्यक प्रारम्भिक मूल्याङ्कन (screening), योजना तथा बजेट निर्माणका लागि सम्बन्धित पालिकाहरुमा पठाउनु पर्नेछ ।

## ५.२ सम्भावित सार्वजनिक व्यवस्थापन समूहहरुको पहिचान

प्रत्येक वडा कार्यालयले सम्भावित सार्वजनिक जग्गा व्यवस्थापन समूहहरुको पहिचान गरी तिनीहरुका निवेदन संकलन गरी तिनलाई निम्न आधारमा सम्बन्धित पालिकाहरुमा पेश गर्नुपर्नेछ :

(क) प्रत्येक सहभागी पालिका, डिभिजन वन कार्यालय, र प्रादेशिक परियोजना व्यवस्थापन इकाई (यसपछि प्रादेशिक इकाई भनी उल्लेख गरिनेछ) हरुले सार्वजनिक जग्गामा वृक्षरोपणका लागि प्राविधिक सहयोगसहित कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान भुक्तानीसम्बन्धी योजनावारे आम सञ्चारका माध्यम (mass media), पर्चा (pamphlet), र कार्यशाला (workshop), र समूह केन्द्रित छलफल जस्ता सचेतना-जागरणसम्बन्धी कार्यक्रमहरुमार्फत सार्वजनिक रुपमा सार्वजनिक जग्गा व्यवस्थापन समूहहरु, विशेष गरी महिला, आदिवासी जनजाति, मधेसी र दलित, मुस्लिम, र भुमीहिन गरीवहरुलाई सूचित गर्नुपर्नेछ ।

(ख) सम्बन्धित पालिकाहरुमा दर्ता भएका सबै सार्वजनिक जग्गा व्यवस्थापन समूहहरुले ४ हेक्टर वा वढि सार्वजनिक जग्गामा वृक्षरोपणगर्नका लागि तिनीहरुले आफ्ना इच्छा प्रकट गर्दै सम्बन्धित वडा कार्यालयहरुमा तल उल्लेख गरिएका कागजातहरुसहित निवेदन दिन योग्य हुन्छन् :

- सार्वजनिक जग्गा व्यवस्थापन समूह दर्ता प्रमाण-पत्र,
- सार्वजनिक जग्गा व्यवस्थापन समूहको निर्णयको एक प्रति, र
- यस निर्देशिकाअन्तर्गतको खण्ड ५ (५) बमोजिम पाँच वर्षको लागि आवश्यक विस्तृत वृक्षरोपण स्थापना तथा व्यवस्थापन योजना तथा बजेट ।

(ग) प्रत्येक वडा कार्यालयले प्राप्त हुन आएका निवेदनहरु संकलन एवं सँग्रह गरी सिफारीससहित आवश्यक प्रारम्भिक मूल्याङ्कन, योजना तर्जुमा तथा बजेट निर्माणका लागि सम्बन्धित पालिकाहरुमा पठाउनेछन् ।

## ५.३ वृक्षरोपण सम्बन्धी योजना तर्जुमा तथा बजेट निर्माण

प्रत्येक पालिकाले निम्न आधारमा निजी जग्गाधनी र सार्वजनिक जग्गा व्यवस्थापन समूहहरुका लागि कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान भुक्तानी सम्बन्धी योजनाहरु पालिकाको योजना तथा बजेट प्रणालीभित्र एकीकृत (integrate) गर्नेछ :

(क) प्रत्येक पालिकाले समर्पण गरिएको बजेट (dedicated budget) सहित वृक्षरोपण तथा वनसम्बन्धी मामिलाहरु प्रति जिम्मेवार हुने एक जना सम्पर्क व्यक्तिलाई तोक्नेछ ।

(ख) पालिकाको एक जना कार्यकारी सदस्यको संयोजकत्वमा गठन गरिएको प्रारम्भिक मूल्याङ्कन समितिले पालिका अन्तर्गतका प्रत्येक वडाभित्रका सम्भावित सहभागी जग्गाधनी र सार्वजनिक जग्गा व्यवस्थापन समूहहरुको छनौट गर्नेछ । समितिमा निम्न सदस्यहरु हुनेछन् :

क. पालिकाले तोकेको कार्यकारी सदस्य : संयोजक

ख. पालिकाको कार्यकारी महिला सदस्य : सदस्य

ग. सम्बन्धित सव-डिभिजन वन कार्यालयका प्रतिनिधि (कम्तिमा ५ औं तहका) : सदस्य

घ. पालिकाको लेखा शाखाको प्रतिनिधि : सदस्य

ङ समृद्धिका लागि वन परियोजनाको सम्पर्क व्यक्ति : सदस्य सचिव ।

(ग) महिला, आदिवासी जनजाति, मधेसी, मुस्लिम र दलित, जग्गाधनीहरुलाई विशेष ध्यान एवं प्राथमिकता दिएर निम्न प्रयोजनका लागि पहिले नै विचार गरी स्थानीय अवस्थाको आधारमा आफ्नो कार्य प्रकृया एवं छनौट मापदण्डहरु तयार गरी निम्न बमोजिम लागु गर्नुपर्नेछ :

क. यस निर्देशिकाअन्तर्गतका खण्ड ५.१ (२) र ५.२ (२) मा जस्तै न्यूनतम संख्याको विरुवा वा वृक्षरोपण क्षेत्र ।

ख. व्यक्तिगत वा समूहका आधारमा वृक्षरोपणका लागि खण्डहरु (blocks) निर्माण गर्ने कृषकहरुको समूह ।

ग. वृक्षरोपणका लागि पालिकाको भू-उपयोगिता योजना अवलम्बन तथा उद्यमशीलता वा साना उद्योगलाई बढावा दिने कुनै पनि व्यक्तिगत वा सार्वजनिक वृक्षरोपणले प्राथमिकता प्राप्त गर्ने विषय ।

घ. खोलाकिनार बाँस (बाँसको हकमा, पाँच वटा बाँस बराबर एक वटा रुख मानिने) लाई प्राथमिकता दिनुपर्नेछ भने हैसियत बिग्रेका क्षेत्र, खेतवरिपरी स्थानीय बहुउपयोगी कोसे रुख प्रजातिहरु (legumes) लाई प्राथमिकता दिनुपर्नेछ ।

ङ . प्रस्तावित कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान भुक्तानी अनुमानित लागतको ५०% भन्दा बढि नहुने, र पहिलो वर्षका लागि ४०%, दोस्रो वर्षका लागि ३०%, र तेस्रो वर्षका लागि ३०% गरी तीन वटा किस्ताहरुमा विनियोजन गर्नुपर्नेछ ।

(घ) पालिकाको सम्पर्क व्यक्तिले प्राप्त निवेदनहरु संकलन एवं सँग्रह गरी रुजु गर्नेछ, साथै कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान भुक्तानीसम्बन्धी सम्झौताहरुको मस्यौदाहरु तयार गरी ती निवेदनहरुसँगै प्रारम्भिक मूल्याङ्कन समितिमा पेश गर्नुपर्नेछ ।

(ङ) समितिले मापदण्डहरुका साथै वृक्षरोपणका लागि उपलब्ध वार्षिक बजेटको सिमाको आधारमा सम्भावित अनुदानग्राही (grantee) हरु छनौट गर्नेछ । पहिलो वर्ष समावेश नभएका निवेदनहरुलाई आउंदो वर्षको योजनामा समावेश गरिनेछ, र सोहीअनुसार यसवारे तुरुन्तै सम्बन्धितलाई सूचित गर्नुपर्नेछ ।

(च) आउंदो वर्षको वार्षिक योजना तथा बजेटमा नयाँ सहभागी जग्गाधनीहरुको पहिलो किस्ताका साथै पहिलो वर्षका सहभागीहरुको दोस्रो किस्ता समावेश गर्न सकिनेछ ।

वन तथा वातावरण मन्त्रालय
नेपाल सरकार
रेड कार्यान्वयन केन्द्र
बबरमहल, काठमाडौं, नेपाल

(छ) प्रारम्भिक मूल्याङ्कन समितिद्वारा छनौट गरिएका अनुदानग्राहीहरुको नाम, ठेगानाका साथै वृक्षरोपण क्षेत्र र प्रस्तावित बजेट आवश्यक छलफल, परिमार्जनका साथै स्थानीय पालिकाको वार्षिक योजना तथा बजेटभित्र समावेश गराउनका लागि स्थानीय सरकार सञ्चालन ऐन (२०७४) को खण्ड ६७ बमोजिम गठन गरिएको योजना तथा बजेट निर्माण समिति (Program and Budget Formulation Committee: PBFC) मा पेश गर्नुपर्नेछ ।

(ज) पालिकाको कम्तिमा एक जना कार्यकारी सदस्यको साक्षीसहित पालिका र जग्गाधनीबीच कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान भुक्तानीसम्वन्धी सम्झौता सम्पन्न गर्नुपर्नेछ ।

(झ) पालिकाले आवश्यक अभिलेखहरुको अभिलेखीकरणका साथै प्राविधिक एवं अन्य सहयोगका लागि सम्बन्धित सव-डिभिजन वन कार्यालय वा सिधै डिभिजन वन कार्यालयलाई सूचित गर्नुपर्नेछ ।

(ञ) यो प्रकृयमा पालिकाको योजना-पात्रो (Planning Calendar) लाई अवलम्वन गर्नुपर्नेछ, र यो पालिकास्तरको नियमित वार्षिक योजना तर्जुमा गर्ने प्रकृयाको अभिन्न अङ्ग बनाउनु पर्नेछ ।

## ५.४ कार्यान्वयन, अनुगमन तथा कार्यसम्पादन मूल्याङ्कन

परियोजना/कार्यक्रमअन्तर्गतका स्वीकृत वृक्षरोपण सम्बन्धी क्रियाकलापहरु चरणबद्ध रहेका र पालिकाको वार्षिक कार्यक्रमहरुको योजनासँग एकीकृत भएको सुनिश्चित गर्नैपर्दछ । पालिकाको स्वीकृत क्रियाकलापहरुमध्ये वृक्षरोपण एक हुनेछ, र यसलाई सम्बन्धित पालिकाहरुले परियोजना/कार्यक्रममा कार्यरत सेवा प्रदायकहरु र निकटतम सव-डिभिजन वन कार्यालयहरुको प्राविधिक सहयोगमा कार्यान्वयन गर्नेछन् । स्वीकृत वार्षिक वृक्षरोपणसम्बन्धी क्रियाकलापहरु स्वीकृत मापदण्ड र मार्गदर्शनका आवश्यकताहरु पूरा गर्दै वातावरणीय तथा सामाजिक व्यवस्थापन खाका अनुरुप कार्यान्वयन गरिनु पर्दछ ।

प्रत्येक पालिकाले निम्नानुसार जग्गाधनी र सार्वजनिक जग्गा व्यवस्थापन समूहहरुका लागि कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान भुक्तानी सम्बन्धी योजनाको कार्यान्वयन, अनुगमन र कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्नेछ :

- प्रत्येक सहभागी जग्गाधनी र सार्वजनिक जग्गा व्यवस्थापन समूहले क्रियाकलाप अनुसारको मिति र सामना गरेका समस्याहरु (केही भएमा) सहितको एउटा **वृक्षरोपण रजिष्टर** खडा गरेर राख्नुपर्नेछ ।
- सम्बन्धित सव-डिभिजन वन कार्यालय, वडा कार्यालय र प्रादेशिक इकाइका कर्मचारीहरुले नियमित रुपमा वृक्षरोपणस्थलहरुको भ्रमण गर्नुपर्नेछ, सहभागी सदस्यहरुसँग छलफल गर्नेछन्, र वृक्षरोपण रजिष्टरमा लिखित रुपमा आवश्यक प्राविधिक एवं अन्य सल्लाहहरु उपलब्ध गराउनु पर्नेछ ।
- कुनैपनि कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान सम्बन्धी किस्ताको भुक्तानी हुनुभन्दा पहिले पालिकाले करार सेवामा लिएका स्वतन्त्र विशेषज्ञ वा वडा कार्यालय, सव-डिभिजन वन कार्यालय, प्रादेशिक इकाई, र स्थानीय गैह्रसरकारी संस्था (Non-governemntal Organization: NGO) वा समुदायमा आधारित सँगठन (Community-based Organization: CBO) हरुबाट कम्तिमा एक जना प्रतिनिधि रहेको संयुक्त अनुगमन तथा मूल्याङ्कन टोलीले वृक्षरोपणको कार्यसम्पादनको मूल्याङ्कन गर्नेछ । प्रत्येक किस्ताको भुक्तानीको लागि पालना गर्नुपर्ने मापदण्ड र प्रत्येक किस्ताको भुक्तानीको लागि पेश गर्नुपर्ने दस्तावेजहरु अनुदानग्राहीसँगको सम्झौतामा उल्लेख गर्नुपर्नेछ ।
- एक जना स्वतन्त्र विशेषज्ञ वा संयुक्त अनुगमन टोलीको सिफारीसको आधारमा सम्बन्धित पालिकाले कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान भुक्तानी प्राप्त गर्ने व्यक्ति/ व्यक्तिहरुको बैंक खातामा जम्मा गर्नुपर्नेछ ।
- कार्यसम्पादनको औचित्य एवं कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदानका किस्ताहरुको भुक्तानी तालिका २ मा प्रस्तुत गरिएबमोजिम हुनेछन् :

तालिका 1: कार्यसम्पादनको औचित्य एवं कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदानका किस्ताहरु

| किस्ताहरु | कार्यसम्पादन दाँज्नका लागि आधार-रेखा | कहिले पहुंच गर्ने र भुक्तान गर्ने? | कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदानको प्रतिशत |
|---|---|---|---|
| पहिलो | पहिलो वर्ष वृक्षरोपण स्थापना तथा व्यवस्थापन योजनाका क्रियाकलापहरुको प्रगति | नियोजित क्रियाकलापहरु सम्पन्न भएको ६० दिनभित्र | बढिमा ४०% |
| दोस्रो | अस्तित्व गणना (मृत्युदर अधिकतम ४०%), पालिकाको कार्यकारीको कार्यालयमा निजी वन दर्ता | दोस्रो आर्थिक वर्षको तेस्रो चौमासिक अवधिको अन्त्यमा | बढिमा ३०% |
| तेस्रो | अस्तित्व गणना, वृद्धि प्रदर्शन, र वडा कार्यालयमा पेश गरिएको कार्य सम्पन्न प्रतिवेदन | तेस्रो आर्थिक वर्षको अन्त्यमा | बढिमा ३०% |

- वनक्षेत्रभित्र वा दर्ता नगरिएका जग्गामा गरिने वृक्षरोपणका लागि कुनै कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान भुक्तानीको प्रावधान छैन ।
- सरोकारवालाहरुको समूह र सम्वन्धित एजेन्सीका प्रतिनिधिहरुबाट समय समयमा संयुक्त रुपमा अनुगमन हुनेछ, साथै मन्त्रालय, विभाग र संघीय कार्यान्वयन इकाई (यसपछि संघीय इकाई भनी उल्लेख गरिने) लगायत उच्च संस्थाहरुबाट बारम्बार अनुगमन हुनेछ ।

## ६. वृक्षरोपणसम्बन्धी अभिलेखको व्यवस्थापन तथा प्रतिवेदन

६.१ निजी र सार्वजनिक जग्गाअन्तर्गतको व्यवस्थापनमा गरिएका वृक्षरोपणसम्बन्धी सम्पूर्ण क्रियाकलापहरुको कार्यान्वयन, अनुगमन, र रिपोर्टिङ्ग कडाईका साथ सहभागिता, समावेशीकरण, र अनूकुलन व्यवस्थापनका सिद्धान्तका आधारमा गरिनेछन् जबकि विभिन्न स्तरमा सिक्नका लागि कार्य सिकाई (action learning), सर्वश्रेष्ठ अभ्यासहरु (best practices), र दुवै सफल एवं असफल कार्यहरुलाई दस्तावेजीकरण गरिनेछन् ।

६.२ हरेक वर्षका वृक्षरोपण-अनुगमनसम्बन्धी तथ्याङ्कहरु पालिका, जिल्ला र प्रादेशिक तहहरुमा अभिलेखीकरण गरी हिफाजतका साथ राखि व्यवस्थापन गरिएका हुनेछन्, र तिनलाई सबै सरकारी तहहरुमा एकीकृत गरिएको भनी सुनिश्चित गर्नुपर्नेछ ।

६.३ वृक्षरोपणबाट लाभान्वित हुनेहरु, सम्बन्धित पालिका, डिभिजन वन कार्यालय र प्रदेश वन निर्देशनालयहरु विभिन्न सुशासनका तहहरुमा अनुगमन तथा रिपोर्टिङ्गमा संलग्न हुनेछन् ।

(क) पालिकाद्वारा काममा लगाईएका सेवा प्रदायकहरुका साथै सव-डिभिजन वन कार्यालयहरुले कार्यस्थल तहका तथ्याङ्कहरु संकलन गर्नेछन् ।

(ख) जग्गाधनी र सार्वजनिक जग्गा व्यवस्थापन समूहका सदस्यहरु सुरक्षासम्बन्धी सूचना प्रणाली (Safeguard Information System: SIS) को लागि मापन एवं अनुगमनसम्बन्धी क्रियाकलापहरुका साथै कार्यस्थल तहका सूचनाहरु र सामाजिक - आर्थिक आधार-रेखासम्बन्धी तथ्याङ्कहरु संकलन गर्ने कार्यमा पनि संलग्न हुनेछन् ।

(ग) वृक्षरोपण-स्थलको GPS को अवस्थिति र डिजिटल नक्सा, स्थानको नाम, रोपण गरिएका बिरुवाहरुको प्रजाति तथा संख्या, र वृक्षरोपणगरिएको वर्ष पनि संकलर्न गरिनेछ ।

६.४ यसरी संकलन गरिएका तथ्याङ्कहरुलाई सार्वजनिक रुपमा पहुंचयोग्य वेभमा आधारित राष्ट्रिय वन व्यवस्थापन सूचना प्रणाली (जसलाई परियोजनाले पनि विभिन्न घटकहरुअन्तर्गत परिकल्पना गरेको छ) मा प्रविस्ट गरी एकीकृत गरिनेछ ।

वन तथा वातावरण मन्त्रालय
नेपाल सरकार
रेड कार्यान्वयन केन्द्र
बबरमहल काठमाडौं नेपाल

६.५ प्रत्येक लाभग्राही, कार्यान्वयनकर्ता, इच्छुक व्यक्ति, र सबै तहका सुशासनका तहहरुमा सबै सँगठनहरुले अद्यावधिक गरिएका तथ्याङ्कहरु पहुंच गर्न सक्दछन्, र यसरी यसले पारदर्शिता र जवाफदेहिता कायम राख्नमा योगदान पुऱ्याउनेछ ।

६.५ तथ्याङ्क संकलन गर्ने प्रकृया, यिनको व्यवस्थापन तथा रिपोर्टिङ्ग गर्ने कार्यहरुलाई संस्थागत गरिनेछ, र यसलाई परियोजनाको सहयोगपश्चात पनि कायम गरिनेछ । परियोजना समाप्त भएपछि पनि सम्बन्धित डिभिजन वन कार्यालय र पालिकाहरुले प्रचलित कानून तथा नियमावलीअन्तर्गत वृक्षरोपण स्थापना गर्ने जग्गाधनी र सार्वजनिक जग्गा व्यवस्थापन समूहहरुलाई प्राविधिक एवं प्रशासनिक सहयोग जारी राख्नेछन् ।

## ७. विविध

७.१ सम्बन्धित पालिका, डिभिजन वन कार्यालय, र प्रादेशिक इकाईहरुले लाभग्राही र सरोकारवालाहरुसँग मैत्रीपूर्ण समन्वय सुनिश्चित गर्नेछन् र परियोजनाको सहयोगअन्तर्गत सहज रुपमा वृक्षरोपण कार्यान्वयनका लागि वातावरणीय तथा सामाजिक व्यवस्थापन खाका र वातावरणीय तथा सामाजिक सुरक्षा (Environmental and Social Securities: ESS) का आवश्यकता अनुरुप कायम गर्नेछन् । सम्बन्धित पालिका, डिभिजन वन कार्यालय र प्रादेशिक इकाईहरुले कोषको दुरुपयोग, प्रजातिको छनौट, र अन्य सम्बन्धित मामिलाहरुवारे कुनैपनि गुनासोहरु प्राप्त गर्नेछन् । ती गुनासोहरु अभिलेखीकरण गरी आवश्यक कार्यवाही एवं पुन: कुराकानी अगाडि बढाउन (follow-up) का लागि तत्काल सम्बन्धित प्रदेश वन निर्देशनालय र संघीय एकाइमा पेश गरिनेछन् । सम्बन्धित प्रदेश वन निर्देशनालयहरु र संघीय इकाईले समाधान गरिएका गुनासोहरुलाई आ-आफ्ना वार्षिक प्रतिवेदनहरुमा समावेश गर्नेछन् ।

७.२ यस निर्देशिकालाई परियोजना अवधिभर आवश्यकताअनुसार परिमार्जन एवं अद्यावधिक गर्न सकिनेछ । प्रादेशिक तहका परियोजना समन्वय समितिहरुको सिफारीसमा वन तथा वातावरण मन्त्रालयले यस निर्देशिकालाइ संशोधन गर्नेछ ।

७.३ कार्यान्वयन प्रकृयाको अवधिमा कुनै विवाद, झगडा वा दावी उत्पन्न भएमा, सम्बन्धित डिभिजन वन कार्यालयले प्रदेश वन निर्देशनालयलाई मध्यस्थताको लागि यसवारे तत्काल सूचित गर्नेछ, र यसमा प्रदेश वन निर्देशनालयको निर्णय अन्तिम हुनेछ ।

## अनुसूची 1: कार्यसम्पादनमा आधारित कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान भुक्तानी सम्बन्धी सम्झौता

यो कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान भुक्तानीसम्बन्धी सम्झौता वृक्षरोपण स्थापना तथा व्यवस्थापन अन्तर्गतका नियोजित क्रियाकलापहरु (तालिका २ मा हेर्नुहोस्) ......................... [जग्गाधनी/सार्वजनिक जग्गा व्यवस्थापन समूह ] को वृक्षरोपणक्षेत्रभित्र कार्यान्वयन गर्नका लागि ...................... [पालिकाको नाम] र ..................... [जग्गाधनी/सार्वजनिक जग्गा व्यवस्थापन समूहको नाम] बीच हस्ताक्षर भएको, र ................. सम्म [परियोजना अन्त्य हुने मितिसम्म] लागु हुनेछ ।

**नियम तथा सर्तहरु**

(क) निर्धारित कार्यहरु तोकिएको समय-सिमाभित्र सम्पन्न गरिसक्नु पर्नेछ ।

(ख) कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान भुक्तानी स्वीकृत ने. रु. .................... (अक्षरमा ..........................) अनुमानित लागतको ५०% भन्दा बढि हुने छैन, र प्रत्येक आर्थिक वर्षको तेस्रो चौमासिकको अन्त्यमा भुक्तानीसहित पहिलो वर्षको लागि ४०%, दोस्रो वर्षको लागि ३०%, र तेस्रो वर्षको लागि ३०% गरी तीन किस्तामा उपलब्ध गरिनेछ ।

(ग) जग्गाधनी वा सार्वजनिक जग्गा व्यवस्थापन समूहहरुको कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान भुक्तानी एक जना स्वतन्त्र विशेषज्ञ वा संयुक्त अनुगमन टोलीद्वारा गरिएको वार्षिक कार्यसम्पादन मूल्याङ्कनको आधारमा निम्नबमोजिम हुनेछ :

- नियोजित कार्यहरुको कार्यान्वयन (व्यक्तिहरुका लागि ९०% र समूह तथा सहकारी संस्थाहरुका लागि ८०%);
- स्थापित वृक्षरोपणको वृद्धि प्रदर्शन (१०%); र
- नियमित बैठकहरु र समूह, सहकारी संस्था र सार्वजनिक जग्गा व्यवस्थापन समूहहरुका लागि समावेशीतासहित पारदर्शिता र जवाफदेहिताको अनुरक्षण (maintenance) (समूह तथा सहकारी संस्थाहरुका लागि १०%) ।

(घ) जग्गाधनी वा सार्वजनिक जग्गा व्यवस्थापन समूहहरुले कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान भुक्तानीको लागि स्वीकृत प्रस्तावमा उल्लेख गरिएबमोजिम सहमति गरिएका क्रियाकलापहरुको प्रगतिको प्रमाण समावेश भएको एक प्रतिवेदनसहित अनुरोध गर्न सक्नेछन् ।सम्बन्धित पालिकाले कार्यसम्पादनमा आधारित अनुदानको लागि प्रकृया अगाडि बढाउनेछ, र मूल्याङ्कन गरिएबमोजिमको अनुदान रकम सम्बन्धित अनुदानग्राही/ अनुदानग्राहीहरुको बैंक खातामा जम्मा गर्नेछ ।

(ङ) यदि स्वीकृत प्रस्तावमा संकेत गरिएबमोजिमका एक वा बढि क्रियाकलापहरु सफलतापूर्वक सम्पन्न हुन नसकेमा, सम्बन्धित पालिकाले उक्त क्रियाकलापको लागि विनियोजित कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान भुक्तानी घटाउन सक्नेछ वा आवश्यक परेमा कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान भुक्तानीसम्बन्धी सम्झौता रद्द गर्नेछ ।

(च) नियोजित क्रियाकलापहरु सञ्चालन गर्नमा जग्गाधनी वा सार्वजनिक जग्गा व्यवस्थापन समूहहरु एक्लै जिम्मेवार हुनेछन् । नियोजित क्रियाकलापहरु कार्यान्वयन गर्न असफल भएमा डिभिजन वन कार्यालय र प्रादेशिक इकाईलाई कुनैपनि वित्तीय दायित्वहरु पूरा गर्न प्रेरित गरिने छैन ।

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय ...ऐड कार्यान्वयन केन्द्र बबरमहल, काठमाडौं, नेपाल

हस्ताक्षर/मिति : ....................................

नाम : ................................................

पद : ................................................

संगठन : ............................................

ठेगाना : ............................................

सम्पर्क नं. : (मोवाइल) : .........................

छाप :

साक्षी : ................................................

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
रेड कार्यान्वयन केन्द्र
बबरमहल, काठमाडौं, नेपाल

हस्ताक्षर/मिति : ....................................

नाम : ................................................

पद : ................................................

संगठन : ............................................

ठेगाना : ............................................

सम्पर्क नं. : (मोवाइल) : .........................

छाप :

साक्षी : ................................................

## अनुसूची 2 : वृक्षरोपणका लागि सिफारिस गरिएका रुख प्रजातिहरु

### (क) निजी वनका लागि सिफारीस गरिएका प्रजातिहरु (स्रोत : निजी वन विकाससम्बन्धी निर्देशिका, २०६८)

| क्रम संख्या | वैज्ञानिक नाम | नेपाली नाम |
|---|---|---|
| 1 | *Dalbergia sissoo* | सिसौ |
| 2 | *Eucalyptus* spp. | मसला प्रजाति |
| 3 | *Neolamarckia cadamba* | कदम |
| 4 | *Bombax ceiba/ Ceiba pentandra* | सिमल/कपोक |
| 5 | *Melia azedarach* | बकैनो |
| 6 | *Albizia* spp. | शिरीष प्रजाति |
| 7 | *Dendrocalamus* spp. | बाँस प्रजाति |
| 8 | *Populus* spp. | लहरे-पिपल प्रजाति |
| 9 | *Tectona grandis* | सागौन |
| 10 | *Leucaena latisiliqua* | इपिल-इपिल |
| 11 | *Acacia arabica* | बबुल |
| 12 | *Azadirachta indica* | नीम |
| 13 | *Acer oblongum* | फिरफिरे |
| 14 | *Syzygium cumini* | जामुन |
| 15 | *S. jambos* | गुलाब जामुन |
| 16 | *Acacia catechu* | खयर |
| 17 | *Garuga pinnata* | दबदबे |
| 18 | *Bauhinia purpurea* | टाँकी |
| 19 | *Shorea robusta* | साल |
| 20 | *Pterocarpus marsupium* | बिजयसाल |
| 21 | *Gmelina arborea* | गमारी |
| 22 | *Phyllanthus emblica* | अमला |
| 23 | *Artocarpus integra* | कटहर |
| 24 | *A. lakoocha* | बडहर |
| 25 | *Mangifera indica* | आँप |
| 26 | *Michelia champaca* | चाँप |
| 27 | *Aquilaria malaccensis* | अगर-वृक्ष |
| 28 | *Citrus limon* | कागति |
| 29 | *Tamarindus indica* | इमली, तिसी |
| 30 | जग्गाधनीले छनौट गरेका अन्य रुख प्रजातिहरु | |

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय रेड कार्यान्वयन केन्द्र बबरमहल, काठमाडौं, नेपाल

**(ख) सार्वजनिक जग्गामा स्थापना गरिने वनका लागि सिफारिस गरिएका प्रजातिहरु (निजी वनमा जस्तै)**

| क्रम संख्या | वैज्ञानिक नाम | नेपाली नाम |
|---|---|---|
| 1 | *Ficus bengalensis* | बर |
| 2 | *F. religiosa* | पिपल |
| 3 | *F. benjamina* | समी |
| 4 | *Fraxinus floribunda* | लाँकुरी |
| 5 | सार्वजनिक जग्गा व्यवस्थापन समूहरुले छनौट गरेका अन्य रुख प्रजातिहरु | |

**पुनश्चः** माथि तालिकामा उल्लेख भए अनुसार प्रजातिहरुको छनौट गर्दा सकेसम्म मिश्रित प्रणाली अनुसार गर्नु पर्दछ ।

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय रेड कार्यान्वयन केन्द्र बबरमहल, काठमाडौं नेपाल

## अनुसूची ३ : कार्यक्रम/परियोजनामा सहभागी पालिकाहरु

| लुम्बिनी प्रदेश | | | | मधेश प्रदेश | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | जिल्ला | क्र.सं. | पालिका | क्र.सं. | जिल्ला | क्र.सं. | पालिका |
| 1 | बर्दिया | 1 | बाँसगढी नगरपालिका | 1 | सर्लाही | 1 | पर्सा गाँउपालिका |
| | | 2 | बढैयाताल गाँउपालिका | | | 2 | ब्रम्हपुरी गाँउपालिका |
| 2 | बाँके | 3 | कोहलपुर नगरपालिका | | | 3 | हरिपुर्वा नगरपालिका |
| | | 4 | बैजनाथ गाँउपालिका | | | 4 | हरिवन नगरपालिका |
| | | 5 | खजुरा गाँउपालिका | 2 | महोत्तरी | 5 | जलेश्वर नगरपालिका |
| 3 | दाङ्ग | 6 | घोराही उप-महानगरपालिका | | | 6 | बर्दिबास नगरपालिका |
| | | 7 | लमही नगरपालिका | | | 7 | एकडारा गाँउपालिका |
| | | 8 | राप्ती गाँउपालिका | 3 | सिरहा | 8 | औरही गाँउपालिका |
| | | 9 | बंगलाचुली गाँउपालिका | | | 9 | नवराजपुर गाँउपालिका |
| 4 | रोल्पा | 10 | रुन्टिगढी गाँउपालिका | | | 10 | बरियारपट्टी गाँउपालिका |
| 5 | प्युठान | 11 | सरुमारानी गाँउपालिका | 4 | सप्तरी | 11 | हनुमाननगर कङ्कालिनी न.पा. |
| 6 | अर्घाखाँची | 12 | शितगङ्गा नगरपालिका | | | 12 | तिरहुत गाँउपालिका |
| | | 13 | पाणीनी गाँउपालिका | | | 13 | महादेवा गाँउपालिका |
| 7 | पाल्पा | 14 | रैनादेवी छहरा गाँउपालिका | 5 | रौतहट | 14 | माधवनारायण नगरपालिका |
| | | 15 | तिनाउ गाँउपालिका | | | 15 | दुर्गाभगवति गाँउपालिका |
| | | 16 | बगनासकाली गाँउपालिका | | | 16 | राजदेवी नगरपालिका |
| 8 | कपिलबस्तु | 17 | शिवराज नगरपालिका | 6 | पर्सा | 17 | बीरगञ्ज महानगरपालिका |
| | | 18 | बुद्धभूमि नगरपालिका | | | 18 | जगरनाथपुर गाँउपालिका |
| | | 19 | बाणगङ्गा नगरपालिका | | | 19 | पटेर्वा सुगौली गाँउपालिका |
| 9 | रुपन्देही | 20 | सैनामैना नगरपालिका | 7 | बारा | 20 | पचरौता नगरपालिका |
| | | 21 | कञ्चन गाँउपालिका | | | 21 | देवताल गाँउपालिका |
| | | 22 | देवदह नगरपालिका | | | 22 | सुवर्ण गाँउपालिका |
| | | 23 | लुम्बिनी साँस्कृतिक नगर पालिका | 8 | धनुषा | 23 | जनकपुरधाम उप-महानगरपालिका |
| 10 | नवलपरासी पश्चिम | 24 | सुनवल नगरपालिका | | | 24 | मिथिला-विहारी न.पा. |
| | | 25 | सरावल गाँउपालिका | | | 25 | लक्ष्मिनीया गाँउपालिका |

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
रेड कार्यान्वयन केन्द्र
बबरमहल, काठमाडौं, नेपाल

## अनुसूची 4 : प्रमुख सरोकारवालाहरु तथा जिम्मेवारीहरु

वन नीति (२०७५), वन ऐन (२०७६) र वन नियमावली (२०७९) का साथै स्थानीय सरकार सञ्चालन ऐन (२०७४) ले नगरपालिकाको क्षेत्राधिकारभित्र निजी वन र सार्वजनिक जग्गामा अवस्थित वनको अधिकारलाई विधिवत राखेका छन् । समुदायको घरपछाडिको सरकारको रुपमा पनि मानिने पालिकाहरु निजी र सार्वजनिक जग्गामा वन व्यवस्थापनका लागि प्रमुख प्रशासकीय निकाय हुन । यस निर्देशिकाको अधिल्ला खण्डहरुमा उल्लेख गरिएका जग्गाकाहरुको अतिरिक्त सहभागी पालिकाहरुले सार्वजनिक र निजी जग्गामा रुखको स्पष्ट अवधिका साथै मैत्रीपूर्ण रुपमा रुख काटने एवं काठ ढुवानीसम्बन्धी प्रकृयाहरुसहितको पालिकास्तरीय सञ्चालन मार्गदर्शनहरु पनि तयार गरी सञ्चालन गर्नेछन् । यसका साथै सहभागी पालिकाहरुले आफ्ना आन्तरिक स्रोतबाट निजी र सार्वजनिक जग्गामा वृक्षरोपण बढाउन र प्रवर्द्धन गर्न प्रोत्साहन गर्नेछन् ।

पालिकाहरुको प्रमुख जग्गाको अतिरिक्त निजी र सार्वजनिक जग्गामा वन प्रवर्द्धन गर्नमा प्रमुख सरोकारवालाहरुको जिम्मेवारीहरु निम्नअनुसारका छन् :

| प्रमुख सरोकारवालाहरु | जिम्मेवारीहरु |
|---|---|
| प्रदेश मन्त्रालय र प्रदेश वन निर्देशनालयहरु | - प्रादेशिक-स्तरीय नीति निर्देशन गर्ने;<br>- योजना तर्जुमा तथा बजेट निर्माण गर्ने; र<br>- प्रादेशिक तहमा निजी र सार्वजनिक वृक्षरोपणहरु समावेश भएको सुनिश्चित गर्दै अनुगमन तथा रिपोर्टिङ्ग गर्ने । |
| पालिका र वडा कार्यालयहरु | - कृषक, कृषक-समूह, सहकारी संस्था, र सार्वजनिक जग्गा व्यवस्थापन समूहहरुलाई नीतिगत दिशानिर्देशहरु उपलब्ध गर्ने;<br>- नियमित रुपमा अनुगमन तथा रिपोर्टिङ्गका लागि प्रवन्ध मिलाउने;<br>- आवश्यक सहयोग गर्ने (वित्तीय सहयोगसहित);<br>- लैङ्गिक समानता, सामाजिक समावेशीकरण, र सामाजिक सुरक्षाको प्रवर्द्धन गर्न जग्गाधनी, कृषक-समूह, सहकारी संस्था, र सार्वजनिक जग्गा व्यवस्थापन समूहहरुलाई सशक्तीकरण (Empower) गर्ने;<br>- संयुक्त अनुगमन तथा कार्यसम्पादन मूल्याङ्कन कार्यक्रमहरु (Joint monitoring and performance evaluation events) को प्रवन्ध मिलाउने; र<br>- सान्दर्भिक सीप विकास तथा क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रमहरु आयोजन गर्ने । |
| डिभिजन/सब-डिभिजन वन कार्यालयहरु | - कार्यसम्पादनमा आधारित वृक्षरोपणका लागिसहयोग गर्ने;<br>- निजी जग्गाधनीहरुलाई निजी वन दर्ता प्रकृयामा सहयोग एवं सहजीकरण गर्ने;<br>- निजी जग्गाधनी र सार्वजनिक जग्गा व्यवस्थापन समूहहरुका लागि जिल्लास्तरीय प्रशिक्षण तथा क्षमता अभिवृद्धि कार्यक्रमहरु डिजाइन गरी कार्यान्वयन गर्ने;<br>- निजी जग्गाधनी र सार्वजनिक जग्गा व्यवस्थापन समूहहरुलाई सहजीकरण गर्ने, साथै प्राविधिक सल्लाहकारका रुपमा कार्य गर्ने;<br>- नियमित अनुगमन गर्ने, र सहयोगात्मक प्रतिक्रिया (Supportive feedback) उपलब्ध गर्ने;<br>- निजी र सार्वजनिक जग्गामा स्थापना गरिने वन कार्यक्रमहरुलाई नियमित रुपमा प्रकाशित गरिने योजना तथा बजेटसम्बन्धी प्रतिवेदनहरुमा समावेश गर्ने;<br>- वन्यजन्तुबाट पिडित परिवारहरुका साथै महिला, आदिवासी जनजाति, दलित, मुस्लिम, र जग्गाहीन गरीबहरुलाई कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान भुक्तानी कार्यक्रममा सहभागी हुन प्रोत्साहित गर्ने एवं प्रेरणा दिने;<br>- नर्सरी व्यवस्थापन र गुणस्तरीय विरुवा उत्पादनको सुनिश्चितता गर्ने, साथै निजी नर्सरीहरुलाई सहजीकरण एवं प्राविधिक रुपमा सहयोग गर्ने । |

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय रेड कार्यान्वयन केन्द्र बबरमहल, काठमाडौं, नेपाल

| | |
|---|---|
| प्रादेशिक इकाईहरु | - निजी जग्गाधनी र सार्वजनिक जग्गा व्यवस्थापन समूहहरुलाई सहजीकरण गर्नुका साथै आवश्यक सामग्रीहरु एवं पालिकाबाट उपलब्ध गरिने सेवाजस्ता अन्य आवश्यक स्रोतसहित वित्तीय सहयोग उपलब्ध गर्ने, र कृषक र सार्वजनिक जग्गा व्यवस्थापन समूहहरुको रोजाईमा पर्ने गुणस्तरीय रोपण गर्ने वस्तुहरु (planting material), जस्तै बीउ-बीजनजस्ता प्राविधिक रुपमा सही एवं गुणस्तरीय सामग्रीहरु उपलब्ध गर्ने;<br>- वृक्षरोपण सम्बन्धी कार्यहरुको अनुगमन गर्ने र यसवारे सम्बन्धित वडा कार्यालय, डिभिजन वन कार्यालय, र प्रदेश वन निर्देशनालयलाई जानकारी गर्ने;<br>- संघीय र प्रादेशिक नीतिका साथै निजी र सार्वजनिक जग्गामा अवस्थित वनका लागि नियामक औजारहरु (regulative instruments) को सम्मान एवं पालना गर्ने;<br>- प्रादेशिक एकाइद्वारा तोकिएका अन्य सान्दर्भिक कार्यहरु सम्पन्न गर्ने । |
| प्रादेशिक इकाईमा कार्यरत विज्ञ/ विशेषज्ञहरु | - स्थानीय सरोकारवालाहरुसितको सहकार्यमा प्राविधिक सहयोगको कार्यान्वयनको निरिक्षण गर्ने, र आवश्यक उत्पादन र सेवाहरु अपेक्षित गुणस्तरसहित समयमै उत्पादन भएको सुनिश्चित गर्ने;<br>- समुदायको सशक्तीकरण (community empowerment) र प्राविधिक सहयोगहरु समयमै समन्वयात्मक रुपमा कार्यान्वयन भएको सुनिश्चित गर्ने;<br>- वृक्षरोपण अनुदान लगायत वृक्षरोपण व्यवस्थापनसम्बन्धी क्रियाकलापहरुमा सहजीकरण गर्ने;<br>- अनुगमन गर्ने, साथै प्रदेश मन्त्रालय, प्रदेश वन निर्देशनालय, डिभिजन वन कार्यालय, स्थानीय सरकार, कार्यक्रम/परियोजना कार्यान्वयन टोली, र सेवा प्रदायकहरुलाई निरन्तर प्राविधिक सल्लाह उपलब्ध गर्ने एवं दिशानिर्देश गर्ने; र<br>- वातावरणीय तथा सामाजिक सुरक्षासम्बन्धी व्यवस्थापन सुधार गर्नुका साथै निजी र सार्वजनिक जग्गामा स्थापित वृक्षरोपणहरुको प्राविधिक गुणस्तरलाई कायम गर्नका लागि सम्बन्धित सरकारी कार्यालय, कार्यान्वयनकर्ता, सम्बन्धित सरोकारवाला, र संस्थाहरुसित समन्वय गर्ने । |
| प्रचार-प्रसारसम्बन्धी सेवा प्रदायकहरु (extension service providers) | - निजी जग्गाधनी, कृषक-समूह, कृषक सहकारी संस्था, र सार्वजनिक जग्गा व्यवस्थापन समूहहरुलाई सहजीकरण एवं सहयोग गर्ने;<br>- क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रमहरु आयोजन गर्ने;<br>- संयक्त अनुगमन कार्यक्रमहरु आयोजन गर्ने, र सहभागी हुने; र<br>- वडा कार्यालय, प्रादेशिक इकाई, र सव-डिभिजन/डिभिजन वन कार्यालयहरुलाई जानकारी गर्ने । |
| निजी वनधनी र सार्वजनिक जग्गा व्यवस्थापन समूहहरु | - पालिकाको गाँउ/नगरपालिकाको कार्यकारीको कार्यालयमा सव-डिभिजन वन कार्यालय/ डिभिजन वन कार्यालयबाट पूर्व स्वीकृतिसहित निजी वन दर्ता गर्ने;<br>- पालिका, वडा कार्यालय, सव-डिभिजन/डिभिजन वन कार्यालय, र संघीय इकाईहरुद्वारा आयोजित सीप विकास र सचेतना-जागरणसम्बन्धी कार्यक्रमहरुमा सहभागी हुने;<br>- उत्पादनको परिमाणसम्बन्धी अर्थव्यवस्था (economy of scale of production) का लागि समूह वा सहकारी संस्थाहरु सँगठित गर्ने;<br>- एकअर्कासित जोडिएका सामुदायिक वन उपभोक्ता समूह (Community Forest User Group: CFUG) र साभेदारी वन उपभोक्ता समूह (Collaborative Forest User Group: COFUG) हरुसित निरन्तर सम्पर्कमा रहने, र वित्तीय सहयोगलगायत अन्य सान्दर्भिक सहयोहरु प्राप्त गर्ने;<br>- उपयुक्त रुख प्रजातिहरु एवं गुणस्तरीय बीउ-बीजनहरुको प्रयोग गर्ने;<br>- सबै सरकारी-पत्र र दस्तावेजहरु समावेश गरिएको एउटा फाइल (file) कायम गर्ने, साथै क्रियाकलाप कार्यान्वयन गरिएका मिति, वार्षिक अस्तित्व गणना तथा वृद्धि प्रदर्शन, संरक्षणको अवस्था, रोग एवं किटवारे उल्लेख गरिएको एउटा वृक्षरोपण रजिष्टर कायम गर्ने;<br>- वडा कार्यालय र सव-डिभिजन/डिभिजन वन कार्यालय सित सम्पर्कमा रहने, र समस्याहरु (कुनै भएमा) वारे जानकारी गर्ने । |
| सामुदायिक वन उपभोक्ता समूह र साभेदारी वन | - समूहका वैधानिक क्षेत्राधिकार (legislative jurisdiction) हरुभित्र निजी वनधनी र सार्वजनिक जग्गा व्यवस्थापन समूहका दृष्टिकोणहरु (perspectives) परिचालन गर्ने, साथै विशेष गरी |

नेपाल सरकार ... वातावरण मन्त्रालय ... रेड कार्यान्वयन केन्द्र ... बबरमहल, काठमाडौं नेपाल

| | |
|---|---|
| उपभोक्ता समूहहरु (समुदायहरु) | महिला, आदिवासी जनजाति, दलित, मुस्लिम, र सिमान्तकृत समूहहरुलाई प्रोत्साहन एवं सशक्तीकरण गर्ने;<br>- निजी र सार्वजनिक जग्गामा कार्यसम्पादनमा आधारित वृक्षरोपण अनुदान भुक्तानी कार्यक्रममा सहभागी हुने सदस्यहरुलाई समूहका प्रोत्साहनहरु (groups' incentives) उपलब्ध गर्ने;<br>- वृक्षरोपणसम्बन्धी कार्यसम्पादन (plantation performance) को अनुगमन गर्ने, र सर्वश्रेष्ठ एवं नविनतम अभ्यासहरु (best and innovative practices) लाई माथिल्लो तहमा पुऱ्याउने; र<br>- पारदर्शिता र जवाफदेहिताका लागि पैरवी गर्ने । |
| सम्बन्धित स्थानीय तह, CBO र NGO हरु | - सचेतना-जागरण तथा क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रमहरु आयोजन गर्ने;<br>- सामाजिक परिचालन (social mobilization) सम्बन्धी कार्यहरु आयोजन गर्ने;<br>- समावेशी, गुणस्तरीय एवं प्रतिस्पर्धात्मक कार्यसम्पादनका लागि निजी वनधनी र सार्वजनिक जग्गा व्यवस्थापन समूहहरुलाई प्रोत्साहित गर्नुका साथै सशक्तीकरण एवं सहजीकरण गर्ने; र<br>- पारदर्शिता र जवाफदेहिताका लागि पैरवी गर्ने । |

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय रेड कार्यान्वयन केन्द्र बबरमहल, काठमाडौं, नेपाल